बैठक संख्या: २
मिति: २०८२ भाद्र ६ गते
समय:
स्थान: जिल्ला समन्वय समिति प्रमुख कक्ष

जिल्ला समन्वय समिति, सोलुखुम्बुका प्रमुख श्री कृष्ण प्रसाद निरौलाज्यूको अध्यक्षतामा देहायका उपस्थितिमा जिल्लामा पछिल्लो समयमा आएको वर्षात तथा विपदको अवस्थामा पीडित नागरिकको सरोकार तथा तहगत सरकारी निकायहरु बीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति:

श्री कृष्ण प्रसाद निरौला, प्रमुख - जि. स. स. सोलुखुम्बु

श्री विना राई, उपाध्यक्ष - नेचासल्यान गाउँपालिका

श्री चन्द्रसिंह श्रेष्ठ, जि. स. अ - जि.स.स. सोलुखुम्बु

श्री सुनिता पराजुली, सेनानी, दुर्गा बक्स गण, सोलुखुम्बु

श्री मनोजित कुँवर, प्र. ना. उ. - जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु

श्री जनकजंग भण्डारी, सशस्त्र प्र. ना. उ. - सशस्त्र प्रहरी बल, सोलुखुम्बु

श्री सुरेन्द्र थापा, स. प्र. जि. अ. - जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु

श्री रामचन्द्र ठकुरी - डिभिजन वन कार्यालय -

श्री नरेन्द्र थापा गण (ज) रेव वि वि

श्री विजय कु. यादव ई. डब्लुप्रे तथा सिंचाई डिभिजन एक. (सोलु)

श्री महेन्द्रदीप राई थुलुङ दुधकोशी ६ नं. वडा अध्यक्ष

श्री विक्रम तामाङ – इन्जिनियर

श्री हिरोन राई – नायब सुब्बा

श्री दल ब. खत्री – का.स.

श्री ना. ब. बस्नेत – का.स.

श्री अजित लिम्बिङ – ह.सिपा

श्री बोधराज फुयाल – ह.स.पी.

श्री अनुजा कुलुङ – का.स.

श्री इविराज माझिङ राई – खरिदार

# मिति २०८२ भाद्र ९ मा बसेको सोलुखुम्बु जिल्लाका तहगत सरकारी निकायबीचको समन्वायात्मक बैठकको निर्णयहरू:

**निर्णय नं. १:**

गत भाद्र १ मा आएको अविरल वर्षाका कारण थुलुङ दुधकोशीमा भएको क्षति तथा विपद् पछिको अवस्थाका बारेमा थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष श्री महेन्द्र दिप राईले बैठकमा जानकारी प्रस्तुत गर्नुभयो। सो सम्बन्धमा छलफल हुँदा विपद्पछिको राहत, पुनर्निर्माण तथा पुनर्स्थापनाको विषय सम्बोधनका लागि जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायका साथै प्रदेश सरकार समक्ष समेत अनुरोध गरी पठाउने।

**निर्णय नं. २:**

वर्षातको कारण सिर्जित विपदको अवस्था, पीडितको विवरण र आवश्यकता पहिचान सहितको विवरण जिल्लास्थित सबै गाउँ/नगरपालिकाहरुबाट माग गरी आवश्यक कार्यार्थ सम्बन्धित निकायमा अनुरोध गरी पठाउने।

**निर्णय नं. ३:**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तारजाली, खानेपानी, सिंचाई लगायतका समस्या सम्बोधनका साथै विपद व्यवस्थापनमा तत्काल आवश्यक सामग्री व्यवस्थाका लागि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिसँगको समन्वयमा सम्बन्धित निकायमा अनुरोध गर्ने।

**निर्णय नं. ४:**

जिल्लामा घटेको विपद् घटना तथा जोखिमको अवस्था आँकलन गर्दा स्थानीय विपद् व्यवस्थापन कोष तथा जिल्ला विपद व्यवस्थापन कोषमा रहेको रकम, आवश्यक सामग्री पर्याप्त नदेखिएकाले जिल्ला विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गर्न प्रदेश सरकारसँग समेत समन्वायत्मक अनुरोध गर्ने।

**निर्णय नं. ५:**

विपद्को कारण विकास निर्माण पनि भएकाले विकास निर्माण कार्यमा विपद् जोखिम संवेदनशिलतालाई ध्यान दिन र विपद् जोखिम न्यूनिकरणलाई समेत मध्यनजर गर्न सम्बन्धित सरोकारवालाहरुलाई सुझाव सहित अनुरोध गर्ने।

**निर्णय नं. ६:**

विपद्का कारण खेतीबाली, पशुधन लगायत अन्य क्षतिलाई वर्तमान विपद् राहतले यथोचित सम्बोधन गर्न नसकेको अवस्थालाई समेत मध्यनजर गर्दै विपदपछिको उद्धार, राहत तथा पुनर्स्थापनाको क्षेत्र फराकिलो गरी मूल्याङ्कनका आधारमा सम्बोधन गर्ने व्यवस्थाका लागि संघ, प्रदेश तथा स्थानीय तह र मातहतका निकायमा अनुरोध गर्ने।

कृष्णप्रसाद निरौला
प्रमुख